आज मिति २०८० साल पौष १७ गते आइतवारको दिन यस लिखु गाउँपालिकाका अध्यक्ष श्रीमान अशोक कुमार कार्की ज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरु उपर छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिती

| क्र.सं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २ | उपाध्यक्ष | श्री अस्मिता थापा | |
| ३ | वडा अध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ४ | वडा अध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ५ | वडा अध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ६ | वडा अध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ७ | वडा अध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ८ | वडा अध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ९ | वडा अध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ्ग | |
| १० | वडा अध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| ११ | वडा अध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| १२ | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १३ | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १४ | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १५ | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १६ | कार्यपालिका सदस्य | श्री अम्बिका विश्वकर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १८ | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | श्री लिलाराज श्रेष्ठ | |

सहायक कर्मचारीहरुः

१. श्री रसना मगर
२. श्री रवि कटुवाल

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा ।
२. राष्ट्रपति रनिङ्ग शिल्ड आयोजकलाई धन्यबाद सम्बन्धमा ।
३. संघीय समपुरक तथा संघीय बिशेष योजना माग गर्ने सम्बन्धमा ।
४. "घ" बर्गको इजाजत प्रदान गर्ने सम्बन्धमा ।
५. करार कर्मचारी छनौट समिति सम्बन्धमा ।
६. विषय विज्ञ सम्बन्धमा ।
७. नवप्रवर्तनमा आधारित स्थानीय विकास कार्यक्रम सम्बन्धमा ।

**निर्णयहरु :**

१. **निर्णय नं १. प्रस्ताव नं १, उपर निर्णय** :

लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको वैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई अझ थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय र सहकार्य गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

२. **निर्णय नं २. प्रस्ताव नं २, उपर निर्णय** :

प्रस्ताव नं २ माथि छलफल गर्दा लिखु गाउँपालिकाद्धारा मिति २०८०/०९/१३ गते देखी १५ गते सम्म आयोजित पाँचौ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता कार्यक्रम सफलता पूर्वक समापन गर्न सफल भएकोमा आयोजक टिम तथा प्रतियोगितालाई प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने सम्बन्धित सम्पुर्ण महानुभाव तथा प्रतियोगिता आयोजक टिमलाई हार्दिक धन्यवाद व्यक्त गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. **निर्णय नं ३. प्रस्ताव नं ३, उपर निर्णय** :

**प्रस्ताव नं.** ३ माथि आवश्यक छलफल गर्दा आ.व ०८१/०८२ को संघीय समपूरक तथा विशेष अनुदान को लागि राष्ट्रिय योजना आयोगमा देहायका आयोजनाहरुको प्राथमिकता निर्धारण गरि डि.पि.आर. बमोजिम प्रस्ताव पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**समपूरक अनुदान (संघीय सरकार)**

१. विचारी आहाल गाउँपालिका केन्द्र सडक आयोजना (क्रमागत) - प्राथमिकता नं. १
२. वडा नं. १, ४, ६ र ८ वडा कार्यालय भवन निर्माण आयोजना- प्राथमिकता नं. २

**बिशेष अनुदान (संघीय सरकार)**

१. गाउँपालिकास्तरीय खेलमैदान निर्माण आयोजना - प्राथमिकता नं. १
२. दोबाटे मुहान हुदै बृहत खानेपानी आयोजना लिखु -१ र २ - प्राथमिकता नं. २
३. सम्मटार सहरी पूर्वाधार विकास आयोजना, लिखु ८- प्राथमिकता नं. ३
४. पोकलि आयुर्वेद भवन निर्माण आयोजना लिखु-९
५. नर्मदेश्वर पुरातात्विक महादेव मन्दिर संरक्षण आयोजना, लिखु ३
६. दुर्योचन्द्र खनुवा पोखरी निर्माण आयोजना, लिखु ७
७. आरुबोटे अर्चले टुनिबोटे सिंचाई आयोजना, लिखु २
८. नर्मदेश्वर वृहत खानेपानी आयोजना, लिखु ३
९. टारकेराबारी वृहत खानेपानी आयोजना, लिखु ८
१०. तरतरे वृहत खानेपानी आयोजना, लिखु ४ र ५
११. गौडे खोला वृहत खानेपानी आयोजना, लिखु ६ र ७
१२. नेवारेखोला पिप्ले वृहत खानेपानी आयोजना, लिखु १

४. **निर्णय नं ४. प्रस्ताव नं ४, उपर निर्णय** :

प्रस्ताव नं ४ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वा अन्तर्गत रिक्त रहेको पदहरुमा सेवा करार अन्तर्गत पदपूर्ति गर्नको लागि गठित समिति पुनर्गठन गर्नु पर्ने भएको हुँदा देहाय बमोजिम समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो ।

१. संयोजक - लिलाराज श्रेष्ठ (प्रमुख प्रशासकीय अधिकृत)
२. सदस्य - दिनानाथ चौधरी (जन स्वास्थ्य निरीक्षक)
३. सदस्य - रोशन पौडेल — सदस्य सचिव (सहायक पशु चिकित्सक)

५. **निर्णय नं ५. प्रस्ताव नं ५, उपर निर्णय** :

**प्रस्ताव नं.** ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका वडा नं. २, सिंहदेवी निवासी श्री पुनादेवी कन्ट्रक्सनले २०८०/०९/०६ मा दिएको निवेदन उपर जाचँबुझ गर्दा घ वर्गको ईजाजतका लागि आवश्यक कागजात प्रक्रियाहरु पुगी आएको भनी घ वर्गको ईजाजत वितरण तथा मुल्याङ्कन समितिको मिति २०८०/०९/१७ गतेको बैठकको निर्णयानुसार कार्यपालिकामा पेश भएको पुनादेवी कन्ट्रक्सन प्रा.लि.लाई घ वर्गको ईजाजत प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

६. **निर्णय नं ६. प्रस्ताव नं ६, उपर निर्णय** :

प्रस्ताव नं ६ माथि आवश्यक छलफल गर्दा प्रस्ताव नं ३ माथि छलफल गर्दा लिखु गाउँपालिका वा अन्तर्गत रिक्त रहेको पदहरुको लिखित परीक्षा तथा अन्तर्वार्ता परीक्षामा प्रश्नपत्र निर्माण गर्नको लागि देहाय बमोजिम विषय विज्ञ छनौट गर्ने सर्बसम्मत निर्णय गरियो ।

१. मेडिकल अधिकृत — श्री चन्द्र राई
२. सूचना प्रविधि अधिकृत — श्री द्रोण कुमार धमला
३. सब इन्जिनियर — श्री उमाशंकर चौधरी
४. ल्याव टेक्निसियन — श्री दिनानाथ चौधरी

७. निर्णय नं ७. प्रस्ताव नं ७ उपर  निर्णयः

प्रस्ताव नं ७ माथि आवश्यक छलफल गर्दा नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक बिकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम संघीय सशर्त अनुदानको लागि प्रतिबद्धता पत्र पेश गर्नु भनि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पत्र प्राप्त हुन आएकोले नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक बिकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ४(ख) को आर्थिक सशक्तिकरण तथा व्यवसाय विकास कार्यक्रममा सहभागि हुनको लागि नवप्रवर्तनमा आधारित स्थानीय आर्थिक बिकास कार्यक्रम संचालन कार्यविधि, २०८० बमोजिम १५% प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता र कार्यक्रम सञ्चालन गर्दा उक्त कार्यविधिको पूर्ण पालना गर्ने प्रतिबद्धता सहित श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिबद्धता पत्र पेश गर्ने सर्बसम्मत निर्णय गरियो ।